# NEPAL TELECOM
# BIRGUNJ REGIONAL DIRECTORATE
# BIRGUNJ

# TENDER DOCUMENT

FOR

# ALUMUNIUM PARTITION WORKS

AT

## TECHNICAL CUM ADMINISTRATIVE BUILDING
## SHREEPUR, BIRGANJ

**ASHWIN -2070**

CIVIL SECTION
BIRGUNJ
PHONE NUMBER: 526345

# निर्माण कार्य सम्बन्धी सिलबन्दी दरभाउपत्रको सूचना

(प्रथम पटक प्रकाशित मिति:-२०७०।०६।०४।)

**सुचना नं : NDCL 02/ 070-71/BRD/Civil**

यस निर्देशनालयको श्रीपुर, बिरगंज परिसरमा नव निर्मित Technical cum Administrative Building मा अल्मुनियम पार्टिशन कार्य सिलबन्दी दरभाउपत्र लिई कार्य गराउनुपर्ने भएकोले इच्छुक रजिष्टर्ड निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरु तथा दरभाउपत्र पुस्तिकाको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

१. दरभाउपत्र फाराम रु. ३००।०० (पछि फिर्ता नहुने गरी) बुझाई तोकिएको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

२. सिलबन्दी दरभाउपत्र फारममा उल्लेख भएका सबै विवरण अनिबार्यरुपले भर्नुपर्नेछ ।

३. सिलबन्दी दरभाउपत्र फाराम दर्ता गर्दा खाम बाहिर अल्मुनियम पार्टिशन कार्यको दरभाउपत्र भनी स्पष्ट रुपले उल्लेख गर्नु पर्नेछ ।

४. सिलबन्दी दरभाउपत्र यो सुचना गोरखापत्र राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिबाट १५ औं दिनको ५.०० बजेसम्म खरिद गरी १६ औं दिनको ५.०० बजे भित्र दरभाउपत्र खरीद गरेकै कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । म्यादभित्र दर्ता भएका दरभाउपत्रहरु १७ औं दिन दरभाउपत्र दर्ता कार्यालयमा १.०० बजे खोलीनेछ । दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन बिदा पर्न गएमा त्यसको लगतै कार्यालय खुलेको दिन मान्य हुनेछ ।

५. सिलबन्दी दरभाउपत्र फारमसाथ दरभाउपत्रदाताको फर्म/कम्पनी दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता सहितको स्थायी लेखा नम्बर प्रमाणपत्र, अघिल्लो आर्थिक बर्ष २०६८।०६९ सम्मको कर चुक्ताको प्रमाणपत्रहरुको प्रतिलिपिहरु पेश गर्नुपर्नेछ । दरभाउपत्र फारम लिन आउँदा समेत उक्त प्रतिलिपिहरु लिई आउनुपर्नेछ ।

६. सिलबन्दी दरभाउपत्र पेश गर्दा दरभाउपत्रसाथ जमानत वापत कबोल अंकको २.५% ले हुने धरौटी रकम यस निर्देशनालयको नबिल बैंक लि., बीरगञ्ज शाखामा रहेको धरौटी खाता नं. ०५०६०११००३१०७ मा जम्मा गरेको सक्कल बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने शुरु मितिले कम्तिमा ६ महिनाको म्याद भएको नेपाल राष्ट्र बैंकबाट स्वीकृती प्राप्त बाणिज्य बैंकबाट यस कम्पनीको पक्षमा जारी भएको सक्कलै बैंक जमानत पेश गर्नु पर्नेछ । तोकिए बमोजिमको धरौटी वा बैंक जमानत संलग्न नभएमा वा नपुग भएमा दरभाउपत्र रद्द गरिनेछ ।

७. कुनै दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार यस निर्देशनालयमा सुरक्षित रहनेछ ।

८. E-Submission को लागी कम्पनीको Website http://eproc.ntc.net.np बाट दर्ता गर्न सकिने छ । E-Submission गर्ने दरभाउपत्र दाताले दरभाउ पत्र खोलिएको ७ (सात) दिनभित्र E-Submission द्वारा पेश गरिएका फारम तथा अन्य कागजातहरु यस क्षे.नि. वा दरभाउपत्र दर्ता गर्न सकिने कार्यालयमा पेश गर्नुपर्ने छ । E-Submission बाट खरिद गर्न नेपाल टेलिकमको नाममा रहेको.. नबिल बैक लि., बीरगञ्ज शाखामा रहेको धरौटी खाता नं. ०५०६०११००३१०७ मा रु.३००।०० जम्मा गरी Download गर्न सकिने छ ।

**तपसिल**

| सि.नं | निर्माण कार्यको नाम | स्थान | ल.ई. (रु.) (मु.अ.कर बाहेक) | दरभाउपत्र फारम दस्तुर | दरभाउपत्र फारम बिक्री गर्ने कार्यालय |
|---|---|---|---|---|---|
| १. | अल्मुनियम पार्टिशन कार्य | बि.क्षे.नि. श्रीपुर, बिरगंज । | ४०,८३,३३१।४५ | रु.३००।०० | बीरगञ्ज क्षे.नि., दू.सं.का. हेटौडा, दू.सं.का. जनकपूर र दू.सं.का.भरतपुर । |

**नेपाल टेलिकम**
**बिरगञ्ज क्षेत्रीय निर्देशनालय**
**श्रीपुर, बिरगञ्ज**
**फोन नं.०५१-५२६३४५**

# निर्माण / मर्मत कार्य को दरभाउपत्र पुस्तिका

**Bidding Document for Construction / Maintenance Work**

## नेपाल टेलिकम

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

बीरगञ्ज क्षेत्रिय निर्देशनालय

श्रीपुर, बीरगञ्ज

२०७०

# विषय सूची


| | | |
|---|---|---|
| खण्ड १ : | दरभाउपत्र आव्हान | १ |
| खण्ड २ : | दरभाउपत्र दातालाई निर्देशन | २ |
| खण्ड ३ : | दरभाउपत्र फाराम, योग्यताको जानकारी, स्वीकृत पत्र, सम्झौता तथा परीशिष्ट | ७ |
| खण्ड ४ : | साधारण शर्तहरु | १३ |
| खण्ड ५ : | जमानत फारामहरु | २२ |

# खण्ड १ : दरभाउपत्र आव्हान

श्री नेपाल टेलिकम
बिरगंज क्षेत्रिय निर्देशनालय

योजनाको नाम : अल्मुनियम पार्टिशन कार्य, श्रीपुर, बिरगंज ।

१. यस कार्यालयबाट सम्पन्न गर्नु पर्ने अल्मुनियम पार्टिशन कार्य ठेक्कापट्टावाट गराउनका लागि इजाजत पत्र प्राप्त नेपाली ठेकेदाहरुबाट शिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

२. इच्छुक योग्य दरभाउपत्रदाताहरुले यस ............ कार्यालय, ............, टेलिफोन नं ......... / .........., फ्याक्स नं ............ बाट आवश्यक जानकारी हासिल गर्ने वा दरभाउपत्र पुस्तिका हेर्न सक्नेछन् ।

३. इच्छुक दरभाउपत्रदाताहरुले फिर्ता नहुने गरी तोकिएको रकम (रु. ३००।००) बुझाई लिखित पत्र वा निवेदनको साथमा दरभाउपत्रदाताको दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धिकर कार्यालयमा दर्ता गरिएको प्रमाण पत्र, अघिल्लो आर्थिक वर्ष सम्म कर तिरेको प्रमाण पत्रहरु तथा सो को नविकरण सहितको प्रतिलिपिहरु पेश गरी दरभाउपत्र पुस्तिका खरिद गर्न सक्नेछन् ।

४. दरभाउपत्र मिति (......................) को दिनको (................) बजे अगावै बुझाउनु पर्नेछ । तोकेको मिति तथा समय भन्दा पछि बुझाएको दरभाउपत्र स्वीकार गरिने छैन् ।

५. प्राप्त भएका दरभाउपत्रहरु मिति (.....................) को दिनको (..........) बजे उपस्थित भएका दरभाउपत्रदाता वा प्रतिनिधिहरुको रोहवरमा माथि उल्लेखित स्थानमा खोलिने छ । कुनै वा सबै वोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पुग्ने छैन ।

६. दरभाउपत्रसाथ जमानत वापतको रकम रु. ................... ........... स्थित ......... बैंक मा रहेको यस कार्यालयको नामको धरौटी खाता नं. ............ मा जम्मा गरेको सक्कल भौचर वा कम्तीमा ६ महिनाको म्याद भएको मान्यता प्राप्त ‘क’बर्गको बैंकवाट जारी गरिएको "विड बण्ड" संलग्न हुनु पर्ने छ ।

दरभाउपत्र खुलेको मितिले (....................) दिनको लागि मान्य (वैध) हुनुपर्नेछ र साथमा ६ महिना म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी गरिएको (रु..................) को जमानत संलग्न भएको हुनुपर्नेछ ।

७. वोलपत्र खरीद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खोलेको दिन वोलपत्र खरीद गर्न, दाखिला गर्न र खोल्न सकिने छ ।

८. दरभाउपत्रदाताहरुले आफ्नो दरभाउपत्र बुझाउनु अगावै परियोजना स्थलको निरिक्षण गर्नु पर्ने छ ।

९. दरभाउपत्रदाताको योग्यता सम्बन्धि कागजातहरु दरभाउपत्र साथ समावेश नभएका दरभाउपत्रहरु मूल्यांकनका लागि अयोग्य ठहरिनेछन ।

१०. म्याद नाघी आएको, रित नपुगेको तथा कुनै शर्त राखी पेश भएको दरभाउपत्रहरु माथि कुनै कारवाहि गरिने छैन ।

११. दरभाउपत्रमा भ्याट बाहेकको ईकाई दररेट उल्लेख गर्नु पर्नेछ । ईकाई दररेट अंक र अक्षर दुवैमा उल्लेख गरी सही छाप गर्नुपर्नेछ, केरमेट भएमा सो स्थानमा सहीछाप गर्नु पर्नेछ । अंक र अक्षरमा फरक भएमा अक्षरलाई मान्यता दिइनेछ ।

१२. निर्माण कार्यको लागि आवश्यक सम्पूर्ण निर्माण सामग्री, बिजुली, पानी आदि ठेकेदार आफैले बन्दोबस्त गर्नुपर्नेछ ।

# खण्ड २ : दरभाउपत्र दातालाई निर्देशन

**दरभाउपत्र दातालाई निर्देशन**

| | | |
|---|---|---|
| १. | कार्यक्षेत्र (Scope) | : यस पुस्तिकामा संलग्न (नक्सा) स्पेशिफिकेशन (Specification) र परिमाणको कार्य गर्नको आव्हान गरिन्छ । दरभाउपत्रदाताले दरभाउपत्र तथ्याङ्कमा उल्लेखित निर्माण कार्य सम्पन्न गर्नुपर्नेछ । |
| २. | योग्य वोलपत्र दाता | : दरभाउपत्र तथ्याङ्कमा उल्लेखित योग्यता पुगेका इजाजत प्राप्त संभावित दरभाउपत्र दाता हुने छन् । |
| ३. | एक दरभाउपत्र एक वोलपत्रदाता | : प्रत्येक दरभाउपत्र दाताले एउटा मात्र दरभाउपत्र दाखिला गर्नुपर्नेछ । एक भन्दा बढी दरभाउपत्र पेश गरेमा सो वोलपत्रदाता सहभागी भएको सवै वोलपत्र रद्द हुनेछन् । |
| ४. | दरभाउपत्रदाताको योग्यता | : सबै दरभाउपत्रदाताहरुले योग्यता सम्बन्धि जानकारी खण्ड ३ (तीन) मा समावेश गर्नुपर्नेछ । ठेक्का पाउनको लागि योग्य बन्नको निमित्त दरभाउपत्रदाताहरु संग Bid Data मा उल्लेख भए बमोजिम निम्नानुसार को योग्यता हुनुपर्ने छ अन्यथा त्यस्ता दरभाउपत्रहरु मान्य (Qualify) हुने छैन ।<br><br>(क) दरभाउपत्र तथ्याङ्क फाराममा उल्लेखित कार्य अनुभवको कागजात ।<br>(ख) दरभाउपत्र तथ्याङ्क फाराममा उल्लेखित चालु पूजि वापत देखिने प्रमाण वा सो रकम बराबरको ऋण लिने सक्ने क्षमता खुलेको नेपाल राष्ट्रबैंक बाट स्वीकृति प्राप्त बैंकको कागजात (क्रेडिट लाईन) ।<br>(ग) दरभाउपत्र तथ्याङ्क फाराममा उल्लेखित यन्त्रहरु/उपकरणहरु चालु हालतमा रहेको प्रमाण मेकानिकल ईन्जिनियर वा कानुन बमोजिम दर्ता भएको वर्कसप बाट प्रमाणित भएको हुनुपर्ने छ । राम्रो चालु अवस्थामा रहेको उपकरणहरुलाई मान्यता दिइने छ । कार्यालयले आवश्यक देखेमा ती उपकरणहरुको जाँचबुझ गर्न सक्नेछ । यन्त्रहरु/उपकरणहरु को स्वामित्व सम्बन्धि कागजात हरु को प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।<br>(घ) प्राविधिक जनशक्ति तर्फ दरभाउपत्र तथ्याङ्क फाराममा उल्लेखित शैक्षिक योग्यता खुलेको प्रमाणपत्र, अनुभव तथा निज प्राबिधिक दरभाउपत्रदाताको अफिसमा कार्य गर्ने भएको वा निजबाट यस कार्यको लागि प्राविधिक जनशक्तिको रुपमा कार्य गर्ने स्वीकारोक्ति सहित सहिछाप गरेको हुनु पर्नेछ । प्राबिधिकको सर्टिफिकेट को प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।<br>(ङ) दरभाउपत्र तथ्याङ्क फाराममा उल्लेखित औसत वार्षिक टर्नओभर (Average Annual Turnover), Financial Bid Capacity तथा Cash flow देखिने Audited balance Sheet को प्रमाणित प्रतिलिपि । |
| ५. | दरभाउपत्रको खर्च | : दरभाउपत्र तयार गर्न तथा पेश गर्न लागेको खर्च दरभाउपत्रदाता स्वयंलेनै ब्यहोर्नु पर्नेछ । नियुक्तीकर्ता कुनै पनि हालतमा यो खर्चको लागि जिम्मेवार हुने छैन । |
| ६. | कार्य स्थल निरीक्षण | : दरभाउपत्रदाताले दरभाउपत्र तयार गर्न वा दरभाउपत्रमा भागलिनका लागि आवश्यक जानकारी लिन कार्यस्थलको निरीक्षण आफ्नै खर्च तथा जिम्मेवारीमा गर्नु पर्नेछ । |
| ७. | दरभाउपत्र पुस्तिकासाथ संलग्न कागजातहरु | : दरभाउपत्र पुस्तिकामा तल उल्लेखित कागजपत्रहरु संलग्न रहनेछन् र यसलाइ दरभाउपत्रको अभिन्न अंग मानिनेछ । |

१. वोलपत्र आह्वानको सूचना
२. दरभाउपत्र दातालाई निर्देशन
३. वोलपत्र तथ्यांक
४. दरभाउपत्र, फाराम र योग्यताको सूचना
५. सम्झौता र परिशिष्ट

६. ठेक्काको साधारण शर्तहरु
७. ठेक्काको विशेष शर्तहरु
८. जमानत फारामहरु : दरभाउपत्रमा भाग लिनको लागी, कार्य सम्पादन गर्नका लागी तथा अग्रिम भुक्तानीको लागी
९. स्पिेशिफिकेशन (Specification)
१०. नक्सा (Drawings)
११. मूल्य अंकित परिमाण सूची (BOQ)

८. दरभाउपत्र पुस्तिकाको बारेमा स्पष्टिकरण : संभाव्य दरभाउपत्रदाताले दरभाउपत्र पुस्तिकाबारे प्रष्टिकरण वा व्याख्या चाहेमा लिखित रुपमा अनुरोध गर्नुपर्नेछ र नियुक्तीकर्ताले यस्को जवाफ दिनुपर्नेछ । यसरी दिएको जवाफको जानकारी श्रोतको उल्लेख नगरिकन दरभाउपत्र पुस्तिका खरिद गर्ने सवैलाई उपलब्ध गराउनु पर्नेछ ।

९. दरभाउपत्रको भाषा : दरभाउपत्र सम्बन्धी सम्पूर्ण कागजपत्रहरु नेपाली र अंग्रेजी भाषामा हुनेछ ।

१०. दरभाउपत्रसंग संलग्न कागजपत्रहरु : दरभाउपत्र दाताले पेशगर्ने दरभाउपत्रसाथ निम्न कागज पत्रहरु संलग्न हुनु पर्ने छ ।

(क) दरभाउपत्र फाराम तथा योग्यता सम्बन्धि कागजातहरु
(ख) दरभाउपत्र जमानत
(ग) मूल्य अंकीत परिमाण सूची
(घ) दर–भाउको विश्लेषण (यदि कार्यालयलाई चाहिएमा)

११. दरभाउपत्र मूल्य : ठेक्का, दरभाउपत्रदाताले पेश गरेको पुरा कामको लागि मूल्य अंकीत परिमाण सूचीमा आधारीत हुनेछ । दरभाउपत्र दाताले सवै आइटम (Item) को दर नेपाली रुपैयाँमा भर्नुपर्नेछ । कुनै पनि आइटमको लागि दर उल्लेख नगरे वा "०" शून्य अंक राखेमा उक्त दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । दरभाउपत्रमा उल्लेखित कार्य गर्नको लागि आवश्यक बिजुली, पानी, संचार उपकरण (आवश्यक भएमा) ठेकेदार स्वयम्ले नै व्यवस्था गर्नु पर्नेछ ।

ठेकेदारले तिर्नु पर्ने सवै करहरु र अन्य शुल्क दर भाउमा समावेश गरि मूल्य निकालेको भनी मानिने छ र त्यसै अनुसार दरभाउपत्रको मूल्य निकालेको मानिने छ ।

१२. दरभाउपत्रको मान्यता : दरभाउपत्र तथ्याङ्क (Bid Data) सूचीमा उल्लेख भएको अवधि सम्मको लागि दरभाउपत्र मान्य हुनेछ । कंपनीले आवश्यक ठानेमा दरभाउपत्रदातालाइ थप अवधि पनि मान्य हुनु पर्नेछ ।

१३. दरभाउपत्र जमानत : दरभाउपत्र तथ्याङ्क सूचीमा उल्लेख भएको रकम बराबरको जमानत वोलपत्रदाताले दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ । दरभाउपत्रदाताले दरभाउपत्र जमानत वापतको रकम जम्मा गर्दा कार्यालयलाई मान्य हुने बैंक वाट जारी गरिएको बैंक ग्यारेण्टि वा कार्यालयले तोकेको बैंकको धरौटी खातामा रकम जम्मा गरेको भौचर पेश गर्नु पर्ने छ ।

१४. फाराम र दरभाउपत्रमा हस्ताक्षर : दरभाउपत्र टाइप गरेको वा नमेटिने मसीले लेखिएको हुनु पर्नेछ र अधिकार प्राप्त व्यक्तिद्वारा सहिछाप भएको हुनु पर्नेछ । दरभाउपत्रको हरेक पानाका अतिरिक्त कुनै थपघट वा सच्याइएको ठाउँमा पनि उक्त व्यक्तिबाटनै सहिछाप गरीएको हुनुपर्नेछ ।

१५. दरभाउपत्र शिलवन्दी र संकेत गर्ने : दरभाउपत्रदाताले दरभाउपत्रलाई खाममा राखी वाहिरी खाममा लाहाछाप लगाउनु पर्नेछ । खामको वाहिर दरभाउपत्र तथ्याङ्क सूचीमा उल्लेख भए बमोजिम ठेक्काको

नाम तथा नम्वर र वोलपत्र माग गर्ने कार्यालयको नाम र ठेगाना लेख्नुपर्नेछ । दरभाउपत्रको खाम बाहिर प्रष्टसंग देखिने गरी दरभाउपत्र दाताको नाम र ठेगाना पनि लेख्नु पर्नेछ ।

| | | |
|---|---|---|
| १६. | दरभाउपत्र दाखिला गर्ने अन्तिम समय | : दरभाउपत्र दाखीला दरभाउपत्र तथ्याङ्क सूचीमा उल्लेखीत मिति र स्थानमा दरभाउपत्र सूचना उल्लेखित ठेगानामा दाखिला गर्नुपर्नेछ ।<br>एक पटक दाखिल भएको दरभाउपत्र फिर्ता लिन दिन  हुदैन । दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय भुक्तान हुनु अघि दरभाउपत्र दाताले कार्यालयमा पेश गरेको दरभाउपत्रमा संशोधन गर्न सकिनेछैन । |
| १७. | दरभाउपत्रमा कार्यवाही नहुने | : म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन ।<br><br>यस दरभाउपत्रमा उल्लेख भएको हकमा सोही अनुसार र उल्लेख नभएको हकमा देहाय बमोजिमको रीत नपुगेको दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन ।<br><br>(क) सम्बन्धित कार्यालयबाट बिक्रि भएको दरभाउपत्र फारम भरी नआएको वा वेभ साइटबाट डाउन लोड गरी दरभाउपत्र भरिएको भए निर्धारित शुल्क भुक्तानी नगरिएको दरभाउपत्र ।<br>(ख) सिलबन्दी भई नआएको ।<br>(ग) दरभाउपत्र सम्बन्धि कागजातमा दरभाउपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको सहिछाप भई नआएको ।<br>(घ) म्याद भित्र दाखिला हुन नआएको ।<br>(ङ) दरभाउपत्र आब्हानको सूचनामा उल्लेखित किसिम, समयाबधि र रकमको जमानत साथ नभएको ।<br>(च) संयुक्त उद्यम ( ज्वाइन्ट भेन्चर) मा काम गर्ने ठेकेदारले संयुक्त लगानी सम्बन्धि संझौताको प्रमाणित प्रतिलिपी पेश नगरेको ।<br>(छ) दर बिश्लेषण गर्ने भनी दरभाउपत्र आहानको सूचनामा तोकिएको भए सो बमोजिम पेश नभएको ।<br>(ज) निर्माण कार्यको बिल अफ क्वान्टिटीको प्रत्येक आइटमहरुको दररेट भरी नआएको ।<br>(झ) दरभाउपत्र आब्हानको सूचनामा तोकिएको अन्य सर्तहरु पूरा नगरेको । |
| १८. | दरभाउपत्र खोल्ने | : दरभाउपत्र-तथ्याङ्क-सूचीमा उल्लेख भएको स्थान मिति र समयमा कुनै वा सबै वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा दरभाउपत्रहरु खोलिने छ । उक्त समयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्रहरु खोलिने छ । वोलपत्र खोलीसके पछि नियुक्तिकर्ताले दरभाउपत्र दाताको नाम, निजले कवोल गरेको रकम, योग्यता सम्बन्धि विवरणको कागजातहरु, जमानत रकम भए नभएको र पर्याप्त भए नभएको नियुक्तिकर्ताले उचित ठहराएको अन्य कुनै जानकारी पढेर सुनाउने छ । कम्पनीले दरभाउपत्र खोलेको अभिलेख तयार गरिनेछ । |
| १९. | दरभाउपत्रको मुल्यांकन तथा तुलना | : कम्पनीले दरभाउपत्र पुस्तिकामा उल्लेखित सवै शर्तहरु पुरा गरेका दरभाउपत्रहरुको मात्र मुल्यांकन तथा तुलना गरिनेछ । दरभाउपत्रको मूल्यांकन गर्दा कम्पनीले प्रत्येक दरभाउपत्रको मूल्य ठहर गर्न त्यस्मा भएका गल्ती र मान्न सकिने फेर बदल थपघट लाई पनि विचार पुर्‍याई मुल्यांकित दरभाउपत्र रकम कायम गर्नेछ । |
| २०. | अपनाएको प्रक्रिया गोप्य रहने | : दरभाउपत्रहरुको जाँच, स्पष्टिकरण, मूल्यांकन, तुलनात्मक प्रक्रिया र सिफारिसहरु जब सम्म सफल दरभाउपत्रदाताले काम पाउँदैन तबसम्म गोप्य राखी कुनै जानकारी दिइने छैन । यदि कुनै वोलपत्रदाताले वोलपत्र मूल्यांकन गर्ने कार्यालयलाई नाजायज दवाव र प्रभावपारी काम दिने निर्णय लाई बदलेर काम हत्याउन खोजेमा निजको दरभाउपत्र रद्द हुने छ । |
| २१. | ठेक्का प्रदान | : कम्पनीले दरभाउपत्रका शर्तहरु अनुरुप रीतपूर्वक पर्नआएका दरभाउपत्रहरु मध्ये सबभन्दा कम रकम कवोल गर्ने दरभाउपत्रदाताको रकम स्वीकृत गरी निजलाई ठेक्का प्रदान गर्न सक्नेछ । तर दरभाउपत्रदाता खण्ड २ को दफा २ र दफा ४ मा भएको प्रावधान बमोजिम योग्य (eligible) हुनुपर्दछ । |

नेपाल टेलिकम

| | | |
|---|---|---|
| २२. | दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयको | : कुनै दरभाउपत्र दाताको दरभाउपत्र स्वीकृत गर्ने, वा नगर्ने दरभाउपत्रको सबै प्रक्रिया वा सबै दरभाउपत्रहरु ठेक्का प्रदान गर्नु अघि रद्द गर्ने समेत सम्पूर्ण अधिकार कार्यालयमा रहने छ । दरभाउपत्र अस्वीकृत वा रद्द भएको कारणवाट कुनै पनि दरभाउपत्र दातालाई पर्न गएको हानी, नोक्सानी वा प्रभावको जिम्मेवार कार्यालय हुनेछैन । अस्वीकृत गर्ने वा ठेक्का प्रदान गर्नु अगावै कुनै कारण नजनाई वा त्यस्बाट प्रभावित दरभाउपत्रदाताको जिम्मेवारी नलिई दरभाउपत्र प्रक्रियालाई अस्वीकृत गर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ । |
| २३. | ठेक्का प्रदानको सूचना गर्ने र सम्झौतामा हस्ताक्षर गर्ने | : दरभाउपत्र मान्य हुने अन्तिम समय अगावै कम्पनीले स्वीकृत भएको दरभाउपत्रदातालाई सूचित गर्नेछ । स्वीकृत पत्रमा ठेक्काको रकम उल्लेख भएको हुनेछ ।<br><br>दरभाउपत्र स्वीकृत भएको सूचना पाए पछि त्यस्तो सूचना पाउने दरभाउपत्रदाताले बाटोको म्याद बाहेक ७ (सात) दिन भित्र संझौता गर्न आउनु पर्नेछ । म्याद भित्र उपस्थित नभएमा वा ठेक्का संझौतागर्न मंजुर नगरेमा दरभाउपत्र साथ पेश गरेको जमानत वापतको रकम जफत गरिनेछ । |
| २४. | कार्य सम्पादन जमानत | : ठेक्का स्वीकृत भएको सूचना पाएको ७ (सात) दिन भित्र दरभाउपत्रदाताले परिशिष्ट (Appendix) मा उल्लेखित रकम वरावरको कार्य सम्पादन जमानत (Performance Security) ठेक्का प्रदान गर्ने कार्यालयमा पेश गर्नु पर्ने छ । |

## दरभाउपत्र तथ्याङ्क विवरण (Bid Data)

यो दरभाउपत्र तथ्याङ्क फाराम ठेक्काको अंग मानिने छैन :

| आइटम (Item) | दफा | विवरण |
|---|---|---|
| कार्यको विवरण | १ | अल्मुनियम पार्टिशन कार्य |
| योग्य दरभाउपत्र दाता | २ | नेपाल सरकारबाट ईजाजत प्राप्त भएका ठेकेदारहरु |
| दरभाउपत्रको मुल्य | | रु. ३००।०० |
| गत सात वर्षमा गरिएको औसत कारोवारको न्युनतम आवश्यकता (minimum requirement) | ४(क) | पेश गर्नु नपर्ने |
| चालु पूजी वा ऋण लिन सक्ने क्षमता खुलेको कागजात (Credit line) | ४(ख) | पेश गर्नु नपर्ने |
| उपकरण/यन्त्रको न्यूनतम आवश्यकता | ४(ग) | पेश गर्नु नपर्ने |
| प्राविधिक जनशक्तिको न्यूनतम आवश्यकता | ४(घ) | पेश गर्नु नपर्ने |
| गत सात वर्षमा गरिएको कारोवारको औसत वार्षिक टर्नओभर (average annual turnover) | ४(ङ) | पेश गर्नु नपर्ने |
| दरभाउपत्र पुस्तिकाको स्पष्टिकरण अनुरोध गर्ने | ८ | दरभाउपत्र खोल्ने दिन भन्दा ७ दिन पहिले |
| दरभाउपत्रको भाषा | ९ | नेपाली वा अंग्रेजी |
| प्राथमिकताको आधारमा दरभाउपत्रमा संलग्न कागजपत्रहरु | | (क) दरभाउपत्र फाराम र योग्यता सम्बन्धि विवरण<br>(ख) दरभाउपत्र जमानत<br>(ग) मूल्य अंकित परिमाण सूची<br>(घ) दर रेट विश्लेषण (कार्यालयले चाहेमा मात्रै) |
| बिमा सम्बन्धि व्यबस्था | | नचाहिने |
| दरभाउपत्रको समयावधि | १२ | दरभाउपत्र बुझाउने अन्तिम म्यादले ९० दिन |
| दरभाउपत्र जमानत | १३ | कबोल अंकको २.५ प्रतिशत |
| कार्यालयको बैंक खाता नं | १३ | ०५०६०११००३१०७ |
| कार्यालयको ठेगाना | १५ | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड,<br>बीरगञ्ज क्षेत्रीय निर्देशनालय, श्रीपुर, बीरगञ्ज |
| दरभाउपत्र दाखिलको अन्तिम म्याद तथा ठेगाना | १६ | सूचनामा उल्लेख भए अनुसार |
| दरभाउपत्र खोलिने मिति | १८ | सूचनामा उल्लेख भए अनुसार |

# खण्ड ३ : दरभाउपत्र फाराम, योग्यताको जानकारी, स्वीकृत पत्र, सम्झौता तथा परीशिष्ट

## दरभाउपत्र फाराम

म / हामीले यो दरभाउपत्र र यस्को परीशिष्टमा राखीएको तपशिलमा उल्लेखित दस्तावेजहरु समेत राम्ररी पढेर समस्टिगत दरभाउपत्र अध्ययन गऱ्यौं र दरभाउपत्रमा भनिएको जस्तो काम रु. ......................... (अंकमा) ........................................................ (अक्षरुपी) अथवा नियुक्तिकर्ताले यो दरभाउपत्रमा उल्लेख भएको निर्माण कार्यको बिल अफ क्वान्टिटीको प्रत्येक आईटमको दर रेटको आधारमा हुन आउने रकम मध्ये जुन रकम ठहर हुनेछ, त्यसलाई मन्जुर गरी दरभाउपत्र पेश गर्दछौ ।

यो वोलपत्रको मान्यता दरभाउपत्र खोल्ने अन्तिम मितिबाट ९० दिन सम्म कायम रहने छ । यो वोलपत्र र नियुक्तिकर्ताले दिएको ठेक्काको स्वीकृती पत्र हामी दुई वीच भएको सम्झौताको अभिन्न अंग हुनेछ । सो भन्दा बढीको जायज अवधि थप गर्नु परेमा दुबै पक्षको सहमतीमा हुनेछ ।

दरभाउपत्रदातालाई यो थाहा छ कि नियुक्तिकर्ताले सवै भन्दा घटी कबोल गर्नेलाई अथवा सहमतीमा कामको लागी अन्य दरभाउपत्रदातालाई मंजुरी गर्न वा नगर्न कुनै कर लाग्ने छैन ।

हस्ताक्षर : .........................................  मिति : ...........................

नाम : .............................................  दरभाउपत्रदाताको तर्फबाट हस्ताक्षर गर्ने आधिकारीक व्यक्ति
(दरभाउपत्रदाताको नाम ....................)

पद : .............................................

दरभाउपत्रदाताको छाप :

## योग्यताको जानकारी                                  अनुसूची - १

**१. प्रत्येक दरभाउपत्र दाता या संयुक्त साझेदारीका प्रत्येक सदस्यहरु**

१.१ वोलपत्रदाताको संगठनको वैधानिक या कानूनी हैसियत (फोटोकपी राख्ने)

दर्ताभएको ठाउँको नाम :-

व्यवसायको मुख्य ठाउँ :-

दरभाउपत्रमा हस्ताक्षर गर्नेको अख्तीयारनामा :-

१.२ बिगत ७ वर्ष भित्र सम्पन्न गरेको निर्माण कामको जम्मा परिमाणको मूल्य नेपाली रुपीयाँ मा ।

| वार्षिक कारोबार विवरण (निर्माण कार्यको मात्र) | |
|---|---|
| **आर्थिक वर्ष** | **कारोवारको रकम (ने.रु.)** |
| १. | |
| २. | |

१.३ मुख्य ठेकेदार द्वारा बिगत ७ वर्ष भित्र गरेको मिल्दो-जुल्दो निर्माण कामको परिमाण । यसको मूल्याङ्कन माथि १.२ मा प्रयोग गरेको मुद्रामा नै निकालेर गर्नु पर्छ । हाल गर्दै गरेको काम गर्छु भनेर लिएको कामहरुको सूचि बनाइ तिनीहरुको सकिने सम्भावित मिति सहित हुनु पर्छ ।

| आयोजनाको नाम | नियुक्तिकर्ताको नाम र सम्पर्क गर्नु पर्ने व्यक्ति | सम्पन्न कामको किसीम र सकिएको वर्ष | ठेक्काको कुल रकम | ठेक्काको बाकी कामको रकम |
|---|---|---|---|---|
| (क) | | | | |
| (ख) | | | | |

१.४ ठेकेदारले कामहरुमा प्रयोग गर्न लागेको औजारहरु । तल मागिएका सम्पुर्ण जानकारीको सूची तयार गर्नु पर्ने छ ।

| औजारको आइटम | औजारको विवरण, बनेको बर्ष र आयु (बर्षमा) | औजारको मालिक वा भाडामा लिन लागेको मालिक |
|---|---|---|
| (क) ………………… | | |
| (ख) ………………… | | |
| (ग) …………………… | | |
| (घ) ……………………… | | |

१.५ ठेक्काको काममा खटिआउने ठेक्का व्यवस्थापकको योग्यता (सर्टिफिकेट) को प्रमाणित प्रतिलिपि समावेश गर्नु पर्नेछ) र अनुभवको सुचि र स्विकारोक्ति सँलग्न हुनु पर्नेछ ।

| नम | अनुभव बर्षमा (साधारण) | अनुभव वर्षमा (हाल प्रस्तावित पदमा) |
|---|---|---|
| (क) | | |
| (ख) | | |

१.६ आर्थिक स्रोत सम्बन्धी आवश्यकताहरुको परीपूर्ति हुने योग्यताको प्रमाणिकरण, जस्तै : हातमा रहेको नगद, सापटि लिन सकिने ठाउँ इत्यादि । यिनीहरुको सूचि तयार गरि संवन्धीत कागजातहरुको प्रतिलिपी संलग्न गर्नु पर्ने छ ।

| श्रोत | रकम (रु) |
|---|---|
| १. | |
| २. | |

नोटः माथि उल्लेखित सवै तालिकामा बिवरण भर्न नपुग भएमा छुट्टै पानामा सम्पूर्ण बिवरण उल्लेख गर्न सकिनेछ ।

## २. संयुक्त साभ्रेदारहरु

२.१ संयुक्त साभ्रेदारीका प्रत्येक सदस्यलाई उपरोक्त सुचि नं १.१ देखि १.६ सम्मको जानकारी उपलब्ध गराउनु पर्नेछ ।

२.२ संयुक्त साभ्रेदारीका तर्फबाट दरभाउपत्रमा हस्ताक्षर गर्ने अधिकारिक रुपमा प्रमाणित गरिएको हस्ताक्षरक्अख्तीयारीनामा सँलग्न गर्नु पर्ने छ

२.३ संयुक्त साभ्रेदारीका सवै सदस्यहरुको वीचमा भएको संभ्रौता (जस्मा सवै सदस्यहरु लाई कानुनी रुपमा बाँधेको हुनु पर्छ) र यसका साथै निम्न कुराहरु रहनेछन :–

(क) ठेक्काको शर्तहरु अनुसार संयुक्त साभ्रेदारीका सदस्यहरुले ठेक्काको काम गराउने अभिभारा गम्भिरतापूर्वक लिनु पर्ने छ ।

(ख) संयुक्त साभ्रेदारीका सदस्यहरु बाट एक जना सदस्यलाई मूख्य साभ्रेदार (In-charge) मनोनयन गरिने छ जस्ले सम्पुर्ण जिम्मेवारी लिने छ र संयुक्त साभ्रेदारीका सवै सदस्यहरुको तर्फबाट प्रतिनिधित्व गरेर काम गर्दा निर्देशनहरु प्राप्त गर्नु हुने छ ।

(ग) सम्पुर्ण काम गराउनुका साथै भुक्तानी बुभ्रेर लिने काम इत्यादि पूर्णरुपले संयुक्त साभ्रेदाहरुको अधिकृत व्यक्तिबाट गरिने छ ।

# सम्झौता

**ठेक्का सम्झौताको फाराम**

विक्रम सम्वत २०७० साल महिना .... गतेका दिन *[ नेपाल टेलिकम .................................. ]* (जसलाई नियुक्ति कर्ता भनेर सम्बोधन गरिने छ ) प्रथम पक्षक्ष्र *[ निर्माण ब्यावसायीको नाम र ठेगाना .]* (जसलाई ठेकेदार भनेर सम्बोधन गरिने छ) द्वितीय पक्ष बीच कार्यालय द्वारा दरभाउपत्र आव्हान गएिकोमा ठेकेदारले यस्तो कार्य रु.......................... (अंकमा) .................................................................. (अक्षरमा) मा निर्माण गरी पूरा गर्न र संभार गर्न दिएको दरभाउपत्र स्वीकृत भए बमोजिम यो ठेक्का सम्झौता गरिएको छ ।

यस पछि, यो ठेक्कामा निम्न लिखीत अनुसार हुनेछ :–

१ यस ठेक्कामा शब्द र अभिब्यक्तिको अर्थ यसपछि संकेत गरिएको ठेक्काको शर्तहरुमा निर्धारित गरे अनुसार हुने छ । कुनै द्विबिधा भएमा नियुक्तिकर्ताले गरेको अर्थ मान्य हुनेछ ।

२ नियुक्तिकर्ताले ठेकेदारलाई दिइने भुक्तानी वापत (यस पछि उल्लेख गरिएको) ठेकेदारले कार्यालय सँग सम्झौता गरेको कार्य ठेक्काको शर्तहरु अनुसार निर्माण गरी पूरा गर्ने छ ।

३ नियुक्तिकर्ताले सम्झौता गरेको कार्य ठेकेदारले निर्माण गरि पुरा गरेको र संभार गरेको रकम ठेक्कामा उल्लेख भएको रीत अनुसार समयमा ठेकेदार लाई भुक्तानी गर्ने छ ।

४. संलग्न परिशिष्टहरु समेत यस ठेक्का संझौताको अभिन्न अंग मानिनेछ ।

दुबै पक्षले साक्षीको रोहवरमा माथि लेखिएको मितिका दिन उपरोक्त रकमको ठेक्का सम्झौतामा सही छाप गरियो ।

------------------

ठेकेदारको तर्फबाट सहीछाप गर्ने
कम्पनीको छाप

------------------

नियुक्तिकर्ताको तर्फबाट सहीछाप गर्ने
अफिसको छाप

------------------

ठेकेदारको तर्फबाट सहीछाप गर्ने व्यक्ति
नाम थरः...................................
पदः ......................................
निकायः .....................................

------------------

नियुक्तिकर्ताको तर्फबाट सहीछाप गर्ने पदाधिकारी
नाम थरः...................................
पदः ......................................
निकायः .....................................

------------------

(साक्षीको सहीछाप)

------------------

(साक्षीको सहीछाप)

साक्षीको नाम :..................................

साक्षीको नाम :......................

# नेपाल टेलिकम
# NEPAL TELECOM

## स्वीकृति पत्रः

मिति :–

श्री .................................
......................................
...................................... (ठेकेदारको नाम र ठेगाना)

महोदय,

[ठेक्काको नाम :– ............................................................, सांकेतिक नं. ................................................] को लागी मात्र गरेको, कामको लागी दिनु भएको तपाईंको मिति ................................... को दरभाउपत्रमा ठेक्काको मूल्य रु. .................................... लाई स्वीकृत गरिन्छ । तपाईंलाई हाम्रो कार्यालय .................................................... (कार्यालयको ठेगाना) मा मिति ........................ समय............... मा उपस्थित हुनु भई उपरोक्त कामको सम्झौतामा हस्ताक्षरको लागी अनुरोध गरिन्छ ।

-----------------------------
(प्रमाणित हस्ताक्षर)

नाम, थरः----------------------

पदः -------------------------

कार्यालयको नामः ----------------

## दरभाउपत्रको शर्तहरुको सारांश तालिका:

यस तालिका लाइ ठेक्का सम्झौताको अंग मानिनेछ ।

(द्रष्ट्रव्य : कम्पनीको आवश्यकतानुसार भरिएका आइटम (Item) का अतिरिक्त दरभाउपत्रदाताले दरभाउपत्र दाखिल गर्नु अगाडि तपसिलमा उल्लेखित कुराहरुको जानकारी दिनु पर्ने छ ।)

| आइटम<br>(Item) | धारा<br>(Sub-clause) | तथ्यांक<br>(Data) |
|---|---|---|
| प्राथमिकताको आधारमा ठेक्का सम्झौता पत्रमा संलग्न कागजपत्र (document)<br><br>(क) ठेक्का सम्झौता पत्र<br>(ख) विशेष शर्तहरु<br>(ग) साधारण शर्तहरु<br>(घ) स्पेसिफिकेशन (Specification)<br>(ङ) डइङ्गस (Drawings)<br>(च) ठेकेदारले आफ्नोतर्फबाट पेश गरेको डिजाईन (Design)<br>(छ) मूल्यअंकित परिमाणसूचि (Bill of quantities)<br>(ज) .........................<br>(झ) ......................... | १.१.१ | कागजपत्र बर्किकरण (document identification) |
| ठेक्का समापन गर्ने समय | १.१.१२ | ४ महिना (१२० दिन) |
| ठेक्का सम्बन्धि कानुन | १.४ | नेपालको (सम्बन्धित देशको) कानुन |
| भाषा | १.५ | नेपाली र अंग्रेजी |
| कार्यस्थल उपलब्ध गराउने वारे | २.१ | ............. कार्य शुभारम्भका दिन |
| अधिकारीक व्यक्ति | ३.१ | ............................................. |
| कार्यसम्पादन जमानत<br>रकम<br>फाराम (Form) | <br>४.४<br>४.४ | <br>ठेक्का रकमको ५%<br>......................... परिशिष्ट २ मा |
| कार्यक्रम :-<br>दाखिला गर्ने (वुझाउने) समय | <br>७.२ | <br>कार्यारम्भ मिति देखि १२० दिन भित्रमा |
| समयमा कार्य सम्पन्न गर्न नसके बापत लाग्ने हर्जाना रकम | ७.४ | कबोल गरेको ठेक अंक मध्ये पूरा हुन नसकेको कामको रकमको ०.५% प्रति हप्ताका दरले बढिमा ठेक अंकको १०% सम्म |
| त्रुटिहरु लाई सूचित गर्ने ( ममंत संभार ) अवधि | ९.१ र ११.५ | धारा नं. ७.२ मा उल्लेखित सूचना मितिबाट १२ महिना |
| धरौटी रकमको प्रतिशत | ११.३ | ठेक्का रकमको ५% |
| भुक्तानी पाउने मुद्रा | ११.७ | नेपाली रुपैंया |
| अग्रीम भुक्तानी | ११.९ | दरभाउपत्रको हकमा नपाईने |
| मध्यस्थकर्ता नियम | १५.३ | ......................... |
| नियुक्ति गर्ने अधिकारी | १५.३ | ......................... |
| मध्यस्तता गर्ने स्थान | १५.३ | नेपाल |
| विमाहरु :– | १४ | ......................... |

# खण्ड ४ : साधारण शर्तहरु

## १ साधारण प्रावधानहरु

**१.१ परिभाषाहरु**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ठेक्का सम्झौतामा उल्लेखित निम्न शब्दहरु र अभिव्यक्तिरुको निम्न बमोजिमको अर्थ लाग्नेछ ।

**ठेक्का**

१.१.१ **"ठेक्का"** : भन्नाले सम्झौता र परिशिष्टमा संलग्न अन्य कागजपत्रहरुका साथै सो अनुसारको व्यवस्था समेतलाई सम्झनु पर्दछ ।

१.१.२ **"स्पेशिफिकेशन (Specification)"** : भन्नाले परिशिष्टमा समावेश भएका कागजपत्रका साथै कम्पनीको आवश्यक्ता अनुसार डिजाइन गरिएको कार्य ठेकेदार द्वारा सम्पन्न गराउने र उक्त कागजपत्रमा कुनै परिवर्तन यदि छ भने सो समेत सम्झनु पर्दछ ।

१.१.३ **"नक्सा (डइङ्ग)"** : भन्नाले परिशिष्टमा समावेश भएका निर्माण कार्य कम्पनीले नक्सा (डइङ्ग) र यस्ता नक्सा (डइङ्ग)मा भएका कुनै पनि परिवर्तन वा फेरबदललाई सम्झनु पर्दछ ।

१.१.४ **"परिणामसूची"** : भन्नाले मूल्य अंकित तथा सम्पूर्ण परिणामसूची बुझिन्छ जसलाई दरभाउपत्रको अंग मानिनेछ ।

१.१.५ **"दरभाउपत्र"** : भन्नाले ठेकेदारले ठेक्कामा उल्लेखित प्रावधान बमोजिम सम्पूर्ण निर्माण गर्न र संभार गर्न पेश गरेको मूल्य अंकित प्रस्ताव भन्ने बुझिन्छ ।

१.१.६ **"स्वीकृत पत्र"** : भन्नाले कम्पनीद्धारा दरभाउपत्रलाई रीतपुर्वक स्वीकृत गरेको बुझ्नुपर्नेछ ।

**ब्यक्तिहरु**

१.१.७ **"नियुक्तिकर्ता (Employer)"** : भन्नाले सम्झौतामा उल्लेखित ब्यक्ति वा निजद्वारा अधिकार प्राप्त अधिकारीलाई सम्झनु पर्नेछ ।

१.१.८ **"ठेकेदार"** : भन्नाले सम्झौतामा उल्लेखित ब्यक्ति वा उसको कानूनीस्तर उत्तराधिकारीलाई सम्झनु पर्नेछ तर नियुक्तिकर्ताको मन्जुरी विनाको कुनै पनि प्रतिनिधिलाई मानिने छैन ।

१.१.९ **"पार्टी वा पक्ष"** : भन्नाले नियुक्ति कर्ता वा ठेकेदारलाई सम्झनु पर्दछ ।

**मिति, समय र अवधि**

१.१.१० **"शुभारम्भ मिति (Commencement Date) अथवा प्रारम्भ मिति"** : भन्नाले सम्झौता भई निर्माण स्थलमा गई चिनो लगाएको (**Lay-out**) मितिलाई मानिने छ ।

१.१.११ **"दिन"** र **"**महिना **"** : भन्नाले क्यालेण्डर(पात्रो) मा भएको एक दिनलाई सम्झनु पर्दछ र महिना भन्नाले ३० (तीस) दिनको अबधिलाई जनाइनेछ ।

१.१.१२ **"ठेक्का सम्पादन अवधि (Time for completion)"** : भन्नाले परिशिष्टमा उल्लेखित शुभारम्भ मिति देखि गणना गरि वा उपधारा ७.३ बमोजिम थप भएको निर्माण कार्य पूरा गर्ने समयावधिलाई सम्झनु पर्दछ ।

**मुद्रा तथा भुक्तानीहरु**

१.१.१३ **"लागत (Cost)"** : भन्नाले ठेकेदारले उचित तरिकाले निर्माण स्थल भित्र वा वाहिर गरेको खर्च (वा गरिने खर्च) लाई सम्झनु पर्दछ, यसमा नाफा (मुनाफा) वाहेक शिरोभार खर्च (Overheads) र त्यस्तै अन्य खर्च पनि समावेश हुन्छ ।

१.१.१४ **"ठेक्का रकम"** : भन्नाले स्वीकृत पत्रमा ठेकेदारलाई निर्माण तथा संम्भार गर्न दिने भनेको रकम बुझ्नुपर्छ ।

१.१.१५ **"रोक्का रकम"** : भन्नाले नियुक्तिकर्ताले उप–धारा ११.३ बमोजिम रोक्का गरेको जम्माजम्मी रकम बुझ्नुपर्नेछ ।

**अन्य परिभाषाहरु**

१.१.१६ **"ठेकेदारका उपकरण"** : भन्नाले निर्माण कार्यको सम्पादनमा प्रयोग गरिने सम्पूर्ण उपकरण, मेसिनरी, गाडी, सुविधा र अन्य आवश्यक कुराहरु तर सामाग्री र यंत्र यसमा पर्दैन ।

१.१.१७ **"देश (Country)"** : भन्नाले निर्माण स्थल भएको देशलाई सम्झनु पर्दछ

१.१.१८ **"नियुक्तिकर्ताको दायित्व (Employer's liabilities)"** : भन्नाले उपधारा ६.१ मा उल्लेखित कुराहरुलाई सम्झनु पर्दछ ।

१.१.१९ **"कावु बाहिर वा आपतकालिन परिस्थिति (Force Majeure)"** : (असाधारण अवस्था) भन्नाले ठेक्का सम्झौता गर्नु अगावै पार्टीले अनुमान गर्न नसक्ने असाधारण घटना वा संकट, जुन घटनजाँदा पार्टीले त्यसलाई पन्छाउन वा नियन्त्रण गर्न नसक्ने र जुन पार्टीको निमित्त वास्तवमा प्रभावकारी (Attributable) हुन्छ, त्यस्तो परिस्थितिलाई सम्झनु पर्दछ ।

१.१.२० **"सामाग्री"** : भन्नाले स्थायी निर्माण कार्यमा प्रयोग हुने वा हुन जाने यन्त्र (Plant) वाहेकका सम्पूर्ण सामान वा सामाग्रीलाई सम्झनु पर्दछ।

१.१.२१ **"यन्त्र (Plant)"** : भन्नाले स्थायी निर्माण कार्यमा जडान हुने वा हुन जाने मेसिनरी वा उपकरणहरुलाई सम्झनु पर्दछ ।

१.१.२२ **"निर्माण स्थल"** : भन्नाले नियुक्तिकर्ता द्वारा निर्माण कार्यको लागि ठेकेदारलाई दिएको जमिन वा सम्झौतामा उल्लेखित कुनै पनि अन्य जमिन वा स्थानलाई सम्झनु पर्दछ ।

१.१.२३ **"परिवर्तन वा थपघट (Variation)"** : भन्नाले नियुक्तिकर्ताले उपधारा १०.१ मुताविक दिएको निर्देशन अनुसार स्पेसिफिकेशन (Specification) वा नक्सा (डइङ्गस)मा (यदि कुनै) भएको परिवर्तनलाई सम्झनु पर्दछ ।

१.१.२४ **"निर्माण कार्य (Works)"** : भन्नाले ठेकेदारले सम्पन्न गर्नुपर्ने स्थायी, अस्थायी काम र कुनै परिवर्तन समेत समावेश गरिएको सम्पूर्ण काम र डिजाईन वा ढाँचा (यदि कुनै) लाई सम्झनु पर्दछ ।

१.१.२५ **"स्थायी निर्माण कार्य"** : भन्नाले ठेक्का बमोजिम गर्नुपने स्थायी निर्माण कार्य (यन्त्र सहित) बुझ्नुपर्दछ ।

१.१.२६ **"अस्थायी निर्माण कार्य"** : भन्नाले निर्माण कार्य तथा संम्भार सम्पन्न गर्न आबश्यक पर्ने सम्पूर्ण किसिमको अस्थायी कार्य (ठेकेदारको उपकरण बाहेक) बुझ्नुपर्नेछ ।

१.१.२७ **"ईन्साफ (adjudication)"** : भन्नाले नियुक्तिकर्ता तथा ठेकेदारले झै–झगडाको समाधान गर्न अपनाएको प्रक्रियाहरु बुझ्नुपर्ने छ ।

**१.२ व्याख्या (Interpretation)**

व्यक्ति पक्ष भन्नाले संस्था/सँगठनलाई पनि जनाउँदछ । एक वचन वा कुनै एक लैङ्गिक शब्दले वहुवचन वा अर्को लैङ्गक शब्दलाई पनि जनाउँदछ ।

**१.३ कागज-पत्रको प्राथमिकता (Priority of Documents)**

सम्झौतामा संलग्न कागज पत्रहरुलई एक अर्कासंगकोव्याख्यात्मक रुपमा लिइनु पर्दछ । यदि कागजपत्रमा कुनै अस्पष्टता वा विसंगति (अन्तर वा भेदभावपूर्ण) देखिन आएमा नियुक्तिकर्ताले ठेकेदारलाई आवश्यक कुनै पनि निर्देशन दिने र कागज पत्रहरुको प्राथमिकता परिशिष्टमा उल्लेख गरिएको क्रममा हुनेछ ।

**१.४ कानून (Law)**

ठेक्का सम्झौता प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

**१.५ पत्र ब्यवहार वा संचार (Communications)**

जब कुनै पनि ब्यक्तिले विशेष उल्लेख भएको अवस्थामा वाहेक कुनै पनि सूचना दिने, निर्देशन दिने वा अन्य पत्राचार गर्नु परेमा यस्तो पत्राचार परिशिष्टमा तोकिएको भाषामा लिखित रुपमा गर्नु पर्दछ र अनुचित तवरले रोक्नु वा ढिलाई गर्नु हुदैन । ठेकेदरले नियुक्ति कतालाई उपलब्ध गराएको ठेगाना परिवर्तन भएको जानकारी नभए सम्म सो ठेगानामा गरिको पत्राचार एवं संचार कानूनी रुपले ठेकेदारले पाएको मानिने छ ।

नेपाल टेलिकम

| | | |
|---|---|---|
| १.६ | **कानूनी दायित्व** (Statutory Obligation) | ठेकेदारले कार्य सम्पादन गर्दा काम गरेको देशको कानूनलाई पालना गर्नुपर्नेछ । ठेकेदारले सबै जानकारी हासिल गर्नु पर्नेछ र कामको सन्दर्भमा लाग्ने सबै शुल्क तथा दस्तुर (कर) बुझाउनु पर्नेछ । |

## २. नियुक्ति कर्ता (The Employer)

| | | |
|---|---|---|
| २.१ | **निर्माण स्थलको व्यवस्था (प्रबन्ध)** (Provision of site) | नियुक्तिकर्ताले ठेकेदारलाई परिशिष्टमा तोकिए बमोजिमको निर्माण स्थल र त्यस्मा आवागमन गर्ने सुविधा तथा हक उपलब्ध गराउनु पर्नेछ । |
| २.२ | **स्विकृति पत्र र अनुमति पत्र** (Permits and Licences) | ठेकेदारले अनुरोध गरेमा नियुक्ति-कर्ताले निर्माण कार्य गर्न आवश्यक पर्ने स्वीकृति-पत्र, अनुमतिपत्र वा स्वीकृति (Approval) को लागि दरखास्त दिनमा सहयोग प्रदान गर्नेछ । |
| २.३ | **नियुक्तिकर्ताको निर्देशन** (Employer's Instruction) | नियुक्तिकर्ताले ठेकेदारलाई दिएका निर्माण कार्यसंग सम्बन्धित सबै निर्देशनहरु, निर्माण कार्यको सम्पूर्ण वा केही भाग रोक्नु परेमा पनि ठेकेदारले पालना गर्नुपर्नेछ । |
| २.४ | **स्विकृति** (Approvals) | नियुक्तिकर्ता वा उस्को प्रतिनिधिले स्विकृति वा सहमति वा टिप्पणी नदिदैमा ठेकेदारको दायित्वमा कुनै असर पर्ने छैन । |

## ३. नियुक्तिकर्ताको प्रतिनिधि

| | | |
|---|---|---|
| ३.१ | **आधिकारीक ब्यक्ति** | नियुक्तिकर्ताको एक जना कर्मचारीले उस्को प्रतिनिधित्व गर्ने अधिकार पाउनेछ । यो अधिकारीक ब्यक्तिपरिशिष्टमा तोकिए बमोजिम वा अन्यथा नियुक्तिकर्ताले ठेकेदारलाई सुचित गरे बमोजिम हुनेछ । |
| ३.२ | **नियुक्तिकर्ताको प्रतिनिधि** (Employer's Representative) | नियुक्तिर्ताले केही निर्माण कार्यरु गर्नका लगि कनै एक सस्था वा ब्यक्तिलाई नियुक्त गर्न सक्नेछ । नियुक्त भएकाको नाम परिशिष्टमा हुनेछ, वा समय समयमा नियुक्तिकर्ताले ठेकेदारलाई सूचित गर्नेछ । नियुक्तिकर्ताले ठेकेदारालाई नियुक्तिकर्ताको प्रतिनिधिलाई प्रत्यायोजन गरेका कर्तब्य र अधिकार बारे सूचित गर्नुपर्नेछ । |

## ४. ठेकेदार (The Contractor)

| | | |
|---|---|---|
| ४.१ | **साधारण दायित्वहरु** (General Obligations) | ठेकेदारले उचित प्रकारले ठेक्का सम्झौता बमोजिम कार्य सम्पादन गर्नु पर्नेछ । ठेकेदारले आवश्यकपर्ने सपूर्ण सुपरिवेक्षण, कामदार, सामाग्री, यन्त्र र उपकरण (Equipmemt) उपलब्ध गराउनेछ । कार्य स्थलमा भएका सबै सामाग्री र यन्त्र नियुक्ति कर्ताको सम्पत्ति मानिनेछ । |
| ४.२ | **ठेकेदारको प्रतिनिधि** | ठेकेदारले नियुक्ति कर्तालाई निर्देशन पाप्त गर्ने आधिकरीयुक्तका नाम र विवरण स्वीकृतीको निम्ती कार्यालयमा पेश गर्नुपर्नेछ । |
| ४.३ | **उप ठेक्कापट्टा** (Subcontracting) | ठेकेदारले सम्पूर्ण निर्माण कार्यको उप ठेक्का दिन पाउने छैन । ठेकेदारले नियुक्तीकर्ताको मन्जुरी विना निर्माण कार्यको कुनै पनि खण्डको उप-ठेक्कापट्टा दिन पाउने छैन । |
| ४.४ | **कार्य सम्पादन जमानत** (Performance Security) | ठेकेदारले ठेक्का स्वीकृत भएको सूचना पाएको ७ (सात) दिन भित्र नियुक्तिकर्ताले स्विकृत फाराममा कार्यालयले स्वीकृत गरेको तेस्रो पार्टीबाट जारी गरिएको कार्य सम्पादन जमनत, नियुक्तिकर्ता समक्ष पेश गर्नुपर्नेछ । |

## ५ ठेकेदारद्वारा डिजाईन (ढाँचा)

| | | |
|---|---|---|
| ५.१ | **ठेकेदारको डिजाईन** | ठेकेदारले परिशिष्टमा निर्देश गरे बमोजिम उल्लेखित हदसम्म डिजाईन गर्नुपर्नेछ । ठेकेदारले आफूले तयार गरेका सबै डिजाईनहरु नियुक्तीकर्तालाई समयमानै पेश गर्नुपर्नेछ । डिजाईन प्राप्त गरेको १५ दिन भित्रमा नियुक्ति कर्ताले कुनै मन्तय ( भनाई) छ भने दिनु पर्नेछ अथवा पेश गरेको डिजाईन सम्झौता मुताविक छैन भने कारण खुलाई अश्विकार गर्नेछ । ठेकेदारले आफूले डिजाईन गरेको स्थायी कामको कुनै पनि अंग (Element) नियुक्तीकर्तालाई डिजाईन पेश गरेको १५ दिन भित्रमा अथवा जहाँ कुनै अंगको डिजाईन अस्वीकृत भएको छ भने, निर्माण गर्ने छैन । अस्विकृत भएको डिजाईन समयमा नै संशोधन गरी पुनः पेश गर्नुपर्नेछ । ठेकेदारले दिइएका मन्तब्यहरु समावेश गरेर पुनः सबै डिजाईनहरु, पेश गर्नुपर्नेछ । |

**५.२ डिजाईनको निमित्त उत्तरदायित्व (Responsibility for Design)**

ठेकेदार आफूले पेश गरेको डिजाइनको लागि उत्तरदायि हुनेछ र यस धारा अन्तर्गतको डिजाईन जस मध्ये दुवै सम्झौतामा परिभाषित गरिए बमोजिमको उद्देश्यको लागि उपयुक्त हुनुपर्नेछ र डिजाइनको सन्दर्भमा प्रतिलिपि अधिकार (Copyright) र एकाधिकार (Patent) को कुनै पनि उल्लंघनको लागि उत्तरदायी हुनुपर्नेछ। नियुक्तिकर्ता निर्देशन र नक्सा को निमित्त उत्तरदायी हुनुपर्नेछ।

## ६. नियुक्तीकर्ताको दायित्वहरु

**६.१ नियुक्तिकर्ताका दायित्वहरु**

यस सम्झौतमा देहाय बमोजिमको अवस्था नियुक्तिकर्ताको दायित्व भित्र पर्दछन् :–

(क) देश भित्र शत्रु बाट नै युद्ध, लडाइँ (घोषित वा अघोषित युद्ध), आक्रमण, विदेशी शत्रुको सक्रियता,

(ख) देश भित्र विद्रोह, आतंक, क्रान्ति, वगावत वा राजद्रोह, सैनिक वा जर्वजस्ती संग लिएको अधिकार, अथवा गृहयुद्ध,

(ग) कार्य स्थलमा निर्माण कार्यमा नै असर पार्ने गरी ठेकेदारका कर्मचारी वा कमदारवाट नभई अन्यव्यक्तिहरुबाट गरिएको दंगा गोलमाल अथवा अब्यवस्था,

(घ) नियुक्तिकर्ताका कर्मचारी वा अन्य ब्यक्तिले निर्माण कार्यको कुनै भागको डिजाईन गरेको छ भने सो विषयमा नियुक्तिकर्ता जिम्मेवार रहने छ।

(ङ) कार्यस्थल वा निर्माण कार्यमा नै असर पार्ने गरी प्राकृतिक प्रकोपको प्रभाव (जुन अप्रत्याशित थियो अथवा जस्को विरुद्धमा कुनै एक अनुभवी ठेकेदारले पनि उचित अग्रिम (पूर्व) सावधानी लिन सक्ने संभावना थिएन)

(च) अप्रत्याशित संकट वा आपतकालीन परिस्थीती,

(छ) दफा १२ को उप दफा २.३ अन्तर्गत भएको स्थगन, जुन ठेकेदारको असफलताको कारणबाट नघटेको होस्।

(ज) निर्माण कार्यको सिलसिलामा हावापानीको कारणले हुनसक्ने वाहेकका भौतक ब्यवधान वा भौतिक अवस्था, जुनसुकै पनि अनुभवि ठेकेदारको निम्ती उचित अग्रिम(पूर्व) सावधानी लिन सक्ने सम्भावना थिएन र जसबारे ठेकेदारले नियुक्तिकर्तालाई तुरुन्त सूचित गरेको थियो,

(झ) परिबर्तनको कारणले भएको ब्यावधान वा ढिलाई,

(ञ) सम्झौतामा भए बमोजिम ठेकेदारले दिएको वोलपत्र प्रस्तावबाट (Offer) पछि ठेक्का सम्झौताको कानूनमा भएको कुनै परिवर्तन,

(ट) नियुक्तिकर्ताको स्थायी निर्माण कार्य हुने कुनै पनि जमिन माथि, मुनि, भित्र, वाहिर आदिको अधिकार र स्थायी कामको निमित्त यस जमिनलाई अधिकारमा पार्नुको कारणबाट भएको क्षती वा नोक्सानी।

## ७. कार्य सम्पन्न अवधि (Time for completion)

**७.१ कार्य सम्पादन (Execution of the Work)**

ठेकेदारले कार्य शुभारम्भको दिन देखि नै निर्माण कामको थालनी लगातार विना ढिलाई गर्नु पर्नेछ र निर्धारित समय (ठेक्का अवधि) भित्र नै निर्माण कार्य सम्पन्न गर्नुपर्नेछ।

**७.२ कार्य तालिका (Work schedule )**

ठेकेदारले निर्माण कार्यको कार्यक्रम परिशिष्टमा तोकिए बमोजिमको समय र फाराममा नियुक्तिकर्ता समक्ष पेश गर्नपर्नेछ।

**७.३ समयमा बृद्धि (Extension of Time)**

यदि नियुक्तिकर्ताको दायित्वहरुको कारणले ढिलो हुन गएको छ भने दफा १०.३ को शर्त बमोजिम ठेकेदारले समाप्तिको समयमा (ठेक्का अवधिमा) बृद्धि पाउने छ।

ठेकेदारको तर्फवाट निवेदन पाउना साथ नियुक्तीकर्ता ले निवेदनमा संलग्न सवै कागजपत्रहरु विष्तृत रुपमा छानविन गरि नियमानुसार समयावधि थप्न सकिनेछ।

**७.४ ढिला समाप्ति (Late Completion)**

यदि ठेकेदार ठेक्का अवधि भित्र काम पूरा गर्न असफल हुन्छ भने, नियुक्तिकर्ता प्रति उस्को जिम्मेवारी (दायित्व) मा जुन काम पूरा गर्न उ असफल भएको छ त्यस्को लागि परिशिष्टमा तोकिएको प्रत्येक दिनको रकम हर्जाना स्वरुप तिर्नु पर्दछ।

## ८. हस्तान्तरण (Taking Over)

**८.१ समाप्ति**

ठेकेदारले निर्माण कार्य पुरा भयो भन्ने ठानेमा नियुक्तिकर्तालाई सूचित गर्न सक्नेछ ।

**८.२ हस्तान्तरण सूचना (Taking Over Notice)**

नियुक्तिकर्ताले, ठेकेदारले निर्माण कार्य पूरा गरिसकेको ठानेमा तदनुरुप मिति तोकेर ठेकेदारलाई सूचित गर्नेछ । विकल्पको रुपमा नियुक्तिकर्ताले निर्माण कार्य सम्पूर्ण रुपमा पूरा नभएतापनि मिति तोकेर बुझि लिनको लागि ठेकेदारलाई सूचित गर्न सक्नेछ । यस्तो सूचना गरे पछि नियुक्तिकर्ताले निर्माण कार्य बुझि लिनेछ । ठेकेदारले दफा ९ बमोजिम बाँकी काम तदारुकताका साथ पूरा गरी निर्माण (कार्य) स्थललाई खाली गर्नुपर्नेछ ।

## ९. त्रुटीहरुको उपचार वा सुधार (Remedying of Defects)

**९.१ त्रुटीहरुको सुधार**

परिशिष्टमा तोकिएको समय अगावै कुनै पनि समयमा नियुक्ति कर्ताले सम्पन्न गर्न बाँकी रहेका निर्माण काम वा त्रुटीको वारेमा ठेकेदारलाई जानकारी दिईने छ । यदि ठेकेदारको डिजाईन सामाग्री, यंत्र वा कार्य कौशलताको कारणले सम्झौता अनुरुप काम भएको नदेखिएमा नियुक्तिकर्ताले ठेकेदारबाट सित्तैमा त्यस्तो निर्माण कार्य सम्पन्न गर्न वा त्रुटिहरु सच्याउन र अन्य सुधारहरु गर्न लगाउन सक्ने छ ।

कुनै अन्य कारणले भएका त्रुटीहरुलाई सुधार गर्दा लाग्ने खर्च फेरबदल (परिवर्तन) (Variation) को रुपमा मूल्यांकन गरिनेछ । नियुक्तिकर्ताले सूचित गरिसकेपछि यथा समयमा बाँकी रहन गएको काम पुरा नगरेमा वा त्रुटीहरुलाई सुधार नगरेमा नियुक्तिकर्ताले ठेकेदारको खर्चमा सबै आवश्यक कार्यहरु पूरा गराउनेछ ।

**९.२ खनेर उघार्ने र परीक्षण गर्ने (Uncovering and Testing)**

